# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**Mathagadhi Rural Municipality**
**Office of the Rural Municipal Executive**

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
*Email: mathagadhimun@gmail.com*
*Website: www.mathigadhi.gov.np*


च.नं. *(Despatch No.)*
पत्र सख्या : *(Ref. No.)*

मितिः २०८३/०२/२५

## नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण सम्बन्धी सार्वजनिक जानकारी

यस माथागढी गाउँपालिका क्षेत्रभित्रका तिनाउ खोलाको विभिन्न स्थानमा खोलाको सतह माथि आइ वर्षा याममा खोलाले धार परिवर्तन गरि कृषि योग्य जमिन तथा वस्तिमा समेत असर पुर्याएकोले उक्त असरलाई कम गर्नको लागि तिनाउ खोलाको घाटहरूबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री वितरणका लागि स्वीकृत वातावरणीय प्रारम्भिक परीक्षण (**IEE**) प्रतिवेदनका आधारमा गाउँपालिका कार्यालयद्वारा नियमानुसार सार्वजनिक बोलपत्र (ठेक्का) आह्वान गरिएको व्यहोरा सर्वविदितै छ ।

सोही प्रक्रिया अन्तर्गत दोस्रो पटकको सूचना बमोजिम रीतपूर्वक प्राप्त बोलपत्रहरू मध्ये प्राविधिक र आर्थिक रूपमा स्वीकृत भई मिति २०८३/०१/३१ गते **"अनुपम निर्माण सेवा"** सँग सम्झौता भई वडा नं. १ र वडा नं. २ अन्तर्गत पर्ने तिनाउ खोलाका तोकिएका क्षेत्रहरूमा कार्य सञ्चालन भइरहेको छ । यसै क्रममा स्थानीय स्तरमा केही भ्रम र असमझदारी उत्पन्न भई उत्खनन कार्यमा अवरोध सिर्जना भएको सुन्नमा आएकाले, स्थानीय आम नागरिक, टोल विकास संस्था, उपभोक्ता समिति तथा सम्पूर्ण सरोकारवालाहरूको जानकारीका लागि गाउँपालिका कार्यालयको तर्फबाट देहाय अनुसारको यथार्थ विवरण प्रकाशित गरिएको छ ।

देहायः

ठेक्का सम्बन्धी विस्तृत विवरणः

| सि.नं | ठेक्का नं | उत्खनन् क्षेत्र (घाट) | निर्माण व्यवसायीको नाम | स्वीकृत परिमाण (क्यु फिट) |
|---|---|---|---|---|
| १ | MRM/IRR/SQ/13/2082-83 | तिनाउ खोला क्षेत्र-६, वडा नं. २ | अनुपम निर्माण सेवा | २,१६,५८९.०८ |
| २ | MRM/IRR/SQ/18/2082-83 | तिनाउ खोला क्षेत्र-१३, वडा नं. १ | अनुपम निर्माण सेवा | ७१,९८३.८९ |
| ३ | MRM/IRR/SQ/19/2082-83 | तिनाउ खोला क्षेत्र-१४, वडा नं. २ | अनुपम निर्माण सेवा | २६,७१९.४२ |

# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**Mathagadhi Rural Municipality**
**Office of the Rural Municipal Executive**

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
*Email: mathagadhimun@gmail.com*
*Website: www.mathigadhi.gov.np*


च.नं. (Despatch No.)
पत्र सङ्ख्या : (Ref. No.)

आम नागरिक तथा सरोकारवालाहरूमा गाउँपालिकाको तर्फबाट स्पष्टीकरण तथा प्रतिबद्धताः

- कानुनी र वातावरणीय मापदण्डको पालनाः यो ठेक्का प्रक्रिया स्वीकृत IEE प्रतिवेदनको परिधिभित्र रहेर मात्र गरिएको हो । तोकिएको परिमाण र तोकिएको क्षेत्र भन्दा बाहिर गई वातावरणमा प्रतिकूल असर पर्ने गरी उत्खनन गर्न पाइने छैन ।
- कडा अनुगमन र नियन्त्रणः उत्खनन कार्यको प्राविधिक टोली, गाउँपालिका, सम्बन्धित वडा कार्यालय र स्थानीय प्रतिनिधि सम्मिलित समितिद्वारा नियमित अनुगमन गरिनेछ । सम्झौता विपरीत वा अनियन्त्रित रूपमा कार्य गरेको पाइएमा तत्काल कानुन बमोजिम कारबाही गरिनेछ ।
- स्थानीय सरोकारको सम्बोधनः नदीजन्य पदार्थ उत्खननका कारण खानेपानी, सिँचाइ, सडक वा तटबन्धमा पर्न सक्ने सम्भावित क्षतिबारे स्थानीय बासिन्दाहरूले उठाएका जायज मागहरूलाई निर्माण व्यवसायीमार्फत सम्बोधन गराउन गाउँपालिका कार्यालय र वडा कार्यालय पूर्ण रूपमा प्रतिबद्ध छन् ।
- राजस्वको स्थानीय विकासमा उपयोगः यस ठेक्का प्रक्रियाबाट संकलन हुने राजस्वको ठूलो हिस्सा सम्बन्धित वडाहरू (वडा नं. १ र २) को सडक, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासमा प्रत्यक्ष रूपमा लगानी गरिनेछ ।

विशेष अपिलः

गाउँपालिकाको आन्तरिक स्रोत मजबुत बनाउन, विकास निर्माणका कार्यलाई गति दिन र पालिका अन्तर्गतका आयोजनाहरूका लागि आवश्यक पर्ने निर्माण सामग्रीको आपूर्ति सहज बनाउन यो प्रक्रिया अनिवार्य र कानुनी रहेको छ । तसर्थ, कुनै पनि असमझदारी वा गुनासो भएमा सम्बन्धित वडा कार्यालय वा गाउँपालिका कार्यालयमा आपसी संवाद र छलफलमार्फत समाधान खोज्न सकिने हुँदा, कानुनी रूपमा अघि बढेको यस कार्यलाई शान्तिपूर्ण रूपमा सञ्चालन गर्न र कुनै पनि किसिमको अवरोध नगर्नु हुन वडा नं. १ र २ का सम्पूर्ण आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू तथा सरोकारवाला सम्पूर्णमा हार्दिक अपिल गरिन्छ ।

८२/३/२१

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत